नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल

फोन नं. ०६१-५२०४६१
५३३५००
५२००६६
५२००६७

प.सं. ०८३/८४, च.नं.

मिति: २०८३।०५।११

# बिज्ञप्ति

मिति २०८३।०५।१० गते बिहान करिव ८:४५ वजे चीनको तिब्वत क्षेत्रवाट आएको आकस्मिक वाढी, पहिरो तथा प्राकृतिक विपद्का कारण रसुवा जिल्लाको टिमुरे, स्याफुवेसी तथा रसुवागढी नाका आसपासका क्षेत्रहरुमा भएको मानवीय तथा भौतिक घटनाप्रति पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखराको गम्भीर ध्यानाकर्षण भएको छ । बिपद्को समयमा नागरिकहरुको जिवरक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्नु हाम्रो सामाजिक दायित्व तथा कर्तव्य समेत हो । यस परिस्थितीमा आफनो जिम्मेवारीलाई आत्मसाथ गर्दै प्रतिष्ठान विपद् प्रभावित क्षेत्रमा गई स्वास्थ्य सेवा प्रदान गर्न तयारी अवस्थामा रहेको जानकारी गराउदछौ ।

सम्वन्धित निकायवाट आवश्यक निर्देशन प्राप्त हुना साथ राष्ट्रिय बिपद्को समयमा चिकित्सक, स्वास्थ्यकर्मी, औषधी उपकरण र आवश्यक औषधी सहित तत्काल स्वास्थ्यकर्मी परिचालन गर्न हामी तयारी अवस्थामा रहेका छौ । यस घडीमा प्रभावित सम्पूर्ण नागरिकहरुको शीघ्र उद्धार, स्वास्थ्य उपचार सेवा तथा घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौ । उद्धार कार्यमा सम्लग्न सम्पुर्ण निकाय प्रति उच्च सम्मान व्यक्त गर्दछौ ।

सह प्रा. कमला राना मगर
निमित्त निर्देशक
निर्देशक